## नेपालमा वातावणिय कानूनको विकास तथा संक्षिप्त परिचय

परिचय :-

वातावरण भन्दा साधारणतया हावा, पानी, माटो, र रुख विरुवा बुझ्ने गरिन्छ तर यो बुझाई वातावरणको हकमा ज्यादै सामान्य र सिमित हो । वातावरण मानव जातिको साह्रै निकट सम्बन्ध रहेको छ । हामीलाई हाम्रा पूर्वजहरुले स्वच्छ पृथ्वी हस्तान्तरण गरेका थिए तर हामीले देश विकासको नाममा पृथ्वी प्रदुषित हुदै गईरहेको छ । त्यस्को जिम्मा प्रत्येक मानव जगतले लिनु पर्ने बेला आएको छ । वातावरणलाई हेरिने दृष्टिकोण फरक फरक छ । त्यसमा विवाद छैन साथे वातावरणलाई प्राकृतिक पक्ष र आर्थिक सामाजिक तथा सांस्कृतिक पक्षवाट अलग रहेर हेर्नु गलत हुन्छ किन भने मानव जातिको सम्पूर्ण विकास वातावरण संग नै आश्रित हुन्छ । यसै सर्न्दभमा वातावरणीय कानुनको विश्व व्यापि विकास भएको लामो समय भएको छैन । तर जहिलेवाट शुरु भएको छ त्यस शुरुवातलाई पनि अति नै सकारात्मक मान्नु पर्ने हुन्छ । वातावरणीय कानूनको विश्व व्यापि परिभाषा दिने क्रममा न्यूजीलैण्डको रिसोर्स म्यानेजमेन्ट एकटले वातावरणलाई देहाय बमोजिम परिभाषित गरिएको छ ।

(a) Ecosystems and their constituent, including people and combinations and

(b) All Natural and physical resources of on area

(c) Those qualities and charactereristics of on area which contribute to its pleasantness, harmony, coherence, convenience and sense of community and any persons reasonable enjoyment of those qualities and characteristics and

(d) The social economic, aesthetic and cultural conditions which affect the matters started in preplans a-c of which are effected by those matters

अष्ट्रेलियाको इनभाथरोनमेन्ट प्राटेक्शन एकट १९७४ को परिभाषा निम्न छ ।

Environment includes all aspects of the surroundings of human beings whether affecting then as individuals or in their social quoins.

भारतको वातावरण संरक्षण उेन, १९८६ ले वातावरण को परिभाष निम्न छ ।

Environment includes weather air land and inter relationship which exists among and between whether water air and land and human beings.

नेपालको सर्न्दभमा वातावरण संरक्षण ऐन

१९९७ मा वातावरण को निम्न परिभाष गरिएको छ । Environment means the interaction and inter relationship among the components of natural cultural and social system . यसको साथै Albeit Einstein ले environment is every thing that is not me भनी संज्ञा दिएको छ ।

माथि उल्लेख गरिएका सामान्य वातावरणको परिचयलाई हेर्दा पनि यसको गाम्मत ज्यादै बढेको छ

यसको महत्व पूर्ण भूमिका मानव जिवनमा रहेनछ । यसर्थ यसको विनास क्रमलाई बुझ्नु ज्यादै जरुरी छ भन्ने प्रष्ट हुन्छ । यहां नेपालको सर्न्दभमा उल्लेख गरिएको छ । नेपालको ऐतिहासिक विकासक्रमलाई हेर्दा धार्मिक विश्वासको आधारमा वातावरणको संरक्षण भएको देखिन्छ ।

यसरी हेर्दा विशेषतः मल्ल र शाह काल पछि नेपालका राजा पृथ्वी नारायण शाहले नयां नेपालको निर्माण गरेको प्रष्ट छ । मल्लकालमा वातावरण संरक्षण धर्मशास्त्र, परम्परा र सनदको आधारमा वातावरणको संरक्षण गरेको पाइन्छ । त्यस समयमा जग्गा, व्यवस्थापन, सिचाई, वाटो आदीको प्रशासन हेर्न सम्पत्ती क्षेत्रअधिकार गाउंलाई दिएको थियो । यसरी हेर्दा नेपालमा वातावरण कानूनको विकास धेरै लामो समय भएको नभए पनि हिन्दु धर्म संस्कृति र मूल्य मान्यतावाट नर्देशित नेपाली समाजमा वातावरण संरक्षणमो लागि महत्वपूर्ण वर-पीपल पुजा गर्ने र रुख काटे पाप लाग्ने पानीको मुहान को सरक्षण गर्ने र भूस्खलन हुन नदिने पानीको श्रोत भएको ठाउंमा देवी देवताको मन्दिर स्थापना गरि त्यसको संरक्षण गर्ने र नदिको सवच्छताका लागि नदिलाई गंगाको रुपमा पूजा गर्ने परम्परालाई स्थापित गरेको पाइन्छ । यसरी नै वनसपतिय प्रजातिको संरक्षण र सम्बर्धन गर्न नाग, गाई, कुकुर र काग पुजाको माध्यमद्वारा जैविक विविधताको मध्ययपूर्ण वनस्पति, वन्यजन्तुको प्रतयक्ष तथा अप्रत्यक्ष रुपमा संरक्षण गर्ने परम्परा हाम्रो संस्कृतिको रुपमा रहेको छ । वातावरण कानूनको विकास भएको सर्न्दभमा हेर्दा

**१९१० को सालको पहिलो मुलुकी ऐनले** मुलुकी ऐन १९१० को रुख काट्नेको महल १ नं. मा आफ्नो हक नपुग्ने जग्गाको वा वाटा पंधेरा चौतारा कूलो मोटानको देवताको स्थान वा काट्ता नोक्सान हुने ठाउंको अथवा कठमहाल चल्ने वनको रुख लिनु भन्ने सनद पूर्जि नभई काटी कटाई वा अरु कुनै किसिमको नोक्सान गर्ने

२. **वातावरण संरक्षण सम्पत्ती मुद्दाहरुको संगालो**

**२०२० सालको मूलुकी ऐन :**

मुलुकी ऐन २०२० को अदालती बन्दोबस्तको १० नं. ले वातावरण संरक्षण सम्पत्ति मुद्दाहरुको सर्न्दभमा अदालतको अनुमती लिई सर्व साधारण जो सुकैले पनि वादी भै जिल्ला अदालतमा मुद्द चल्न सक्ने व्यवस्था छ । गुठीको महलको २ नं. मा रीत पू-र्याइ राखेको धर्मशाला धर्म कसैले विर्गान र केही कसुर गरेपनि हेर्न हुदैन । हकवाला कोही नभए सरकारी गुठीमा दर्ता गरी दिनु पर्दछ । यसरी नै जग्गा आवाद गर्नको महल, तथा जग्गा पजनीको महल अर्न्तगत दायर हुने कुलो पानी, जग्गा, उपयोग र वांडफाड संग सम्बन्धीत मुद्दाहरु व्यक्ति व्यक्तिविचको दुनिवादी मुद्दाको रुपमा दायर हुन्छन । त्यस्तो विषयमा मुद्दा गर्नु पर्दा जस्को जुन कुरामा हक पुग्दछ उसैले मात्र नालिस दिन पाउने व्यवस्था छ ।

संवैधानिक बिकास क्रम

<u>२००४ सालको अन्तिम संविधान :</u>

**२०१९ सालको नेपालको सविधान**

२०१९ सालको संविधानमा वातावरण संरक्षण सम्बन्धी भाग-४ पञ्चायत प्रणलीका निर्देशक शिद्धान्तहरु .............धारा १९ को उपधारा ५ मा नेपालको प्राकृतिक श्रोत तथा सम्पदा लाई उपयोगी र लाभदायी हुने गरी तिनको न्यायोचित रुपमा परिचालन गरी समान अवसर को आधारमा विकास गर्ने व्यवस्था उल्लेख छ । वातावरण कानूनको बिकास क्रममा यसलाई पनि महत्वपूर्ण अवसर मानिएको थियो ।

१. मूलुकी ऐन २०२०, अदालती बन्दोबस्तीको ८२

<u>२०४७ सालको नेपाल अधिराज्यको संविधान</u>

२०४७ साल कार्तिक २३ गते पहिलो जन आन्दोलन मार्फत वातावरण संरक्षणलाई प्राथमिकता दिई नेपाल अधिराज्यको संविधान २०४७ राज्यको नितिहरु अर्न्तगत धारा २६(३) मा राष्ट्रिय अनुकुल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्ने निति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लेख गर्दै धारा २६(४) मा जन साधारण मा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक बिकास सम्पत्ती क्रियाकलापहरु द्धारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरु पर्ने नदिन एव वातावरणको संरक्षण गर्ने राज्यले प्राथमिकता दिने छ र दुर्लभ व्यवस्था गर्ने छ भन्न व्यवस्था संविधानमा नै उल्लेख भएको छ । धारा १२६(२) घ मा प्राकृतिक श्रोत तथा त्यको उपयोग वांडफांड को सम्बन्धमा दुई देश विच भएको सम्झौताहरु प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतवाट हुन सक्ने छ भन्ने भएको व्यवस्थाले वातावरण को मूल्य र मान्यता लाई महत्व दिएको छ ।

२०६३ सालको नेपालको अन्तरीम सविधान

२०६२।०६३ सालको दोश्रो जन आन्दोलनको सफलता पछि बनेको अन्तरीम संविधानले वातावरण संरक्षण र विकासमा महत्वपूर्ण स्थान लिएको देखिन्छ साथै वातावरणीय विच कानून विकासमा लामै फड्को हानेको छ भन्दा अनुचित हुने अवस्था छैन नेपाल अन्तरीम संविधान २०६३ को भाग ३ को मौलिक हक महलको धार १६ मा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाच्ने हक हुने छ भनि मौलिक हकमा स्थापित गरिएको छ । धारा ३५ को उप धारा ४ मा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानिय सम्पदालाई प्राथमिकता दिइने नीति राज्यले अवलम्बन गर्ने छ । यसरी नै धारा ३५ को उपधारा ५ मा राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्ने छ । जस्ता अन्तरीम संविधान भएको व्यवस्थाले वातावरण संरक्षण, विकासमा उपलब्धी मिलको छ । देशको मूल कानूनमा प्रमूखता को साथ मौलिक हकमा वातावरण विषयको निश्चिता जनतालाई प्रदान गरि समदक्षको समाजको विकास गरिएको छ ।

२००४ सालको नेपाल सरकारको वैधानिक कानुन :

नेपाल सरकारको वैधानिक कानून २००४ मा ६ भाग ६८ धारा रहेकोमा धारा १९ मा वातावरणलाई संरक्षण गर्दै आफ्नो इलाका भित्रको सफाई, सडक, ढल, फुल, पौवा, पाटी, अभै माला, गौचर राख्ने आदीको व्यवस्था गरेको छ ।

## २००७ को नेपाल अन्तरीम शासन विधान :

नेपाल अन्तरीम शासन विधान २००७ मा ७ भाग ७३ धारा रहेकोमा र उक्त विधान शुरुको घोषणा भएकोमा कुनै पनि धाराम वातावरण सम्पत्ती उल्लेख भएको छैन ।
यसरी नै २००७ सालको संसोधन पश्चात को विधानमा ७ भाग र ७३ धारा रहेकोमा उक्त शंसोधित विधान समेत वातावरण सम्पत्ती भएको छैन ।

## २०१५ सालको नेपाल अधिराज्यको संविधान

नेपाल अधिराज्यको संविधान २०१५ मा १० भाग र ७७ धारा हरु रहेकोमा उक्त कुनै पनि धारामा वातावरण सम्पत्ती व्यवस्था उल्लेख गरिएको छैन ।

## वन ऐन, २०४९

वन ऐन २०४९ ले वातावरण प्रवर्द्धन गर्नको लागि वनको आवश्यकक्ता एव महत्वलाई स्पष्ट पारेको छ । यो ऐनले निर्णयकर्ताले निर्णय गर्दा वनवाट हुने काठको उत्पादन र अन्य उपभोग्य बस्तुलाई यार ख्याल नगरी यसका अतिरिक्त जैविक विविधता, वातावरणीय सेवाहरु सहित वनको महत्वलाई प्रर्याप्त ध्यान दिएर मार गर्नु पर्ने व्यवस्था गरेको छ ।[१] यो ऐन २०४९।१०।५ मा लालमोहर लागी एक पटक संसोधन भएको छ । यसमा १३ परिच्छेद र ७४ वटा दफा हरु छ ।[२] नियमावली २०५१ सालमा बनेको छ ।

## जलश्रोत ऐन २०४९ वा २०४८

जलश्रोत ऐन २०४८ को उद्देश्य जलश्रोतको लाभदायक उपयोगको निर्धारण गर्नु वाहेक अन्य वातावरणिय तथा अन्य दृष्टिले खतरनाक प्रभावहरुवाट र जलश्रोतको प्रदुषण हुनवाट वचाउनु समेत रहेको छ ।[३] यो ऐन २०४९।९।२ मा लाल मोहर लागेको र जम्मा २५ वटा दफा हरु रहेको छ ।

१. वन ऐन, २०४९

२.ऐ.ऐ.

३.ऐ.ऐ.प्रस्तावना

२०१३ सालको प्राचीन स्मारक संरक्षण

यो ऐन नै वातावरणको क्षेत्रमा पुरानो ऐन मानिन्छ यस ऐनले पूरातात्विक बस्तुको संरक्षण र प्रर्वद्धन गर्नुको लागी बनेको हो । यसैले वातावरणको मौलिक इतिहासलाई तोकेको छ । जस्मा २१ वटा दफाहरु छन । मिति २०१३।७२७ मा लालमोहर लागी अहिले सम्म पांचौ पटक सम्म संसोधन भएको छ ।

२०४२ को खानी तथा खनिज पदार्थ ऐन

खानी तथा खानि पदार्थ उेन २०४९ को दफा २८ को उपदफा २(ङ) मा आनि कार्य गर्दा धन जनको सुरक्षा गर्ने र भू-क्षय तथा वातावरणमा उल्लेखनिय significance प्रतिकूल असर हुन नदिन सुरक्षत्मक व्यवस्था । गर्नु पर्ने उल्लेख छ यसमा २९ वटा दफा रहेको छ । मिति २०४२।७१४ मा लालमोहर लागी पहिलो संसोधन भएको छ ।

२०५५ को निर्माण व्यवसायी ऐन,

निर्माण व्यवसायी ऐन २०५५ को दफा १४ (ग) मा सार्वजनिक निर्माण कार्य संग सम्बन्धीत वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण तथा विकास गर्ने गरी यस ऐन वातावरणको संरक्षण गरिएको । जसमा २८ वटा दफा रहेको र मिति २०५५।११।२७ मा लालमोहर लागी हाल सम्म संसोधन भएको छैन ।

२०४६ सालको नेपाल खानेपानी संस्थान ऐनः

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को प्रस्तावनामा सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी उपलब्ध गराउन र ढल निकास प्रणालीको समूचित व्यवस्था गर्न भन्ने उल्लेख छ जसले स्वच्छ वातावरण रहित खानेपानीको प्रयोग गर्न पाउने अधिकार लाई स्थापित गरिएको छ । यो ऐन मिति २०४६।७११ मा लालमोहर लागी जम्मा २७ वटा दफाहरु उल्लेख छ भै तेस्रो पटक सम्म संसोधन भएको छ ।

२०५५ सालको पशु वधशाला र मासु जांच ऐन,

पशु वधशाला र मासु जांच ऐन २०५५ को प्रस्तावना मा सर्वसाधारण जनताको स्वास्थ्य रहित कायम राख्न मासु तथा मासुवाट बन्ने खाध पदार्थमा मिसावट रोक र मासुमा हुने स्वस्थ्यता र मासुको स्वभाविक गुण विग्रनु नदिई उपयक्त सत्तर कायम राख्नको लागी पशु वधशाला स्थापना गर्न उल्लेख भएकोले वातावरण संरक्षणको लागि उल्लेखनिय खेलेको छ । यो ऐन मिति २०५५।१२।८ मा लालमोहर लागेको र जम्मा २४ वटा दफाहरु छन ।

२०५५ सालको पशु स्वास्थ्य तथा पशु सेवा ऐन

पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ को दफा २९ मा मृत्यु पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री नस्ट गर्ने कार्यविधी तोकिने व्यवस्था भएकोले वातावरिणय प्रदुषणवाट मुक्त हुन सक्ने अवस्था ऐनले गरेको छ । यो ऐन मिति २०५५।४।६ मा लालमोहर लागेको जम्मा ३४ वटा दफा छ ।

२०३९ सालको भू-तथा जलाधार संरक्षण ऐन

भू-तथा संरक्षण ऐन २०३९ को दफा २ (ख) मा भू-तथा जलाधार संरक्षण भन्नाले बाढी, पैरो, भू-क्षय जस्ता प्राकृतिकक प्रकोप वाट कुनै क्षेत्रलाई नस्ट हुनवाट रोक्न वा बचायन तथा पानीको आयात र बहावलाई सामान्य स्थितीमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्य सम्झनु पर्छ भन्ने उल्लेखित व्यवस्था गरेको छ । साथै दफा ४ (च) मा माटोको उर्वरा शक्ति र पानी तथा वातावरणको स्वच्छता सन्तुलित रुपमा कायम बनाई राख्ने जलाधार क्षेत्रमा गर्न सकिने कार्यहरु तोकिएको हुंदा वातावरणको संरक्षण तर विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । यो ऐन मिति २०३९।८।६ मा लालमोहर लागेको र जम्मा २५ वटा दफाहरु रहेको छ ।

२०२३ सालको खाद्य ऐन

खाद्य ऐन २०२३ को २(ख) मा दुषित खाद्य पदार्थलाई परिभाषा गर्दै स्वास्थ्यलाई हानि हुने गरी सडेको गलेको वा फोहोर मैला वा विषाक्त अवस्थामा राखिएको वा तयार गरिएको खाद्य पदार्थ जनाउने भन्ने शब्द उल्लेख गरिएको र त्यसलाई रोक्न गरिएको व्यवस्थाले वातावरण स्वच्छ, स्वास्थ्य हुन लाई यस ऐनले टेवा पु-याएको छ । यो ऐन २०२३।५।२४ गते लालमोहर लगाई जम्मा १३ वटा दफा रहेको र जममा तेस्रो पटक संसोधन भएको छ ।

२०५५ को स्थानिय सवायत्त शासन ऐन

स्थानिय स्वायत्त शासन ऐन २०५५ को दफा २८ को उपदफा १(ज) मा वन तथा वातावरण सम्बन्धी शिर्षकमा पर्ति, जग्गा, डांडा, भिर, पाखा, एवमं सार्वजनिक जग्गामा बृक्षारोपण गर्ने गराउने र वातावरण संरक्षण सम्बन्धी विभिन्न कार्यक्रमहरु बनाई संचालन गर्ने गराउने । भन्ने उल्लेख भै वातावरण विकासको स्थानिय निकायवाट संरक्षण गर्न दरिलो अवस्था कानूनमा रहेको छ । यो ऐन २०५६।१।१६ मा लालमोहर लागी जम्मा २६८ दफा ८३ रहेको छ ।

२०२९ सालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २(ख) मा राष्ट्रिय निकुञ्जको परिभाषा गर्दे प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुट्टयाएको क्षेत्र सम्भनु पर्ने उल्लेख भै वातावरण समेतलाई संरक्षण गर्नको लागि उक्त ऐनमा भएको व्यवस्थाले महत्वपूर्ण स्थान ओगटेको छ । यसरी नै दफा २(९.१) ले समेत प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने गरि भनि स्पष्ट छुट्टयाएको छ । यो ऐन २०२९।११।२८ मा लालमोहर लागेको र जम्मा ३४ वटा दफाहरु रहेको छ ।

२०४८ सालको जीवनाशक विषादी ऐन

जीवनाशक विषदी ऐन २०४८ मा विभिन्न वीउविरुवाहरु, रख, पशुपक्षीं आदिमा लाग्ने घातक किटाणुहरु नाश गर्ने प्रयोग गरिने जीवनाशक विषदीको आयात निर्यात उत्पादन किनवेच तथा प्रयोगकर्तालाई नियमीत गर्ने प्रवाधानले वातावरण संरक्षणमा उल्लेखनिय महत्व छ । नियमावली २०५० मा बनको छ ।

२०५४ सालको उपभोक्ता सरक्षण ऐन, २०५४

उपभोक्ता सरक्षण ऐन, २०५४ को ...............मा उपभोग्य वस्तु वा सेवाको गुणस्तर कायम राखी उपभोक्ता वर्गलाई संरक्षण प्रदान गर्ने । नियमावली २०५६ मा बनेको छ ।

२०३५ सालको पर्यटन ऐन

प्रर्यटन ऐन २०३५ को दफा ३०(१) मा पर्वतारोही दलले पर्वतारोहण गर्दा वातावरण दुषित हुन नदिन तोकिएको सर्त पालना गर्नु पर्नेछ । भन्ने व्यवस्था ले वातावरणको विषयमा पर्यटन वयवसायी र यात्री समेत सचेत हुन पर्ने वयवस्थाले हिमाली क्षेत्रमा हुने वातावरण बिनास, दुषित लाई रोक्ने छ । नियमावली २०५९ मा बनेको छ ।

२०४४ सालको फोहोर मैला (प्रवन्ध तथा स्रोत परिचालन) ऐन

फोहोर मैला ऐन २०४४ को दफा ४(९) मा केन्द्रले कुनै ठाउंमा वा सार्वजसनक स्थालमा वा जनसाधारणले आवास गरेको क्षेत्रमा फोहोर मैलाको कारणवाट मानव, पशुपक्षी वोटविरुवा तथा अन्य चजि बसतुलाई हावा पानी माटोको प्रदुषणले प्रतिकुल असर पारेमा वा पार्ने भएमा प्रदुषण निवारणका लागि आवश्यक व्यवस्था गर्न सक्ने छ भन्ने व्यवस्थाले सुरक्षित र स्वच्छ वातावरणमा वांच्न पाउने हकको स्थापित गरेको छ । नियमावली २०४६ मा बनेको छ ।

१९१० मूलकी बांकी

गराउन समेत हुदैन गरेमा त्यस्तालाई सजाय हुने व्यवस्था छ । उक्त कानूनी व्यवस्था लाई हेर्दा धार्मिक स्थल समेतको आधारमा सार्वजनिक स्थानमा रहेको रुख काट्न  मनाही गरेको छ । वातावरण को शब्द नै प्रयोग नभएता पनि लिखत व्यहोराले वनजगत वातावरणको प्रतिक भउको त्यसलाई कसैले पनि कानून बाहिर र आदेश बाहिर गई काट्न मास्न पाइदैन ऐनले पनि वातावरण विकासमा महत्वपूर्ण भूमिका खेलेको प्रष्ट नै छ ।

२०४९ सालको विद्युत ऐन

विद्युत ऐन २०४९ को दफा ४.१ मा विद्युतको सर्वेक्षण उत्पादन प्रसारण वा वितरण गर्न चाहनेले वातावरणिय अध्ययन प्रतिवेदन पेश गर्नु पर्ने र दफा २४ मा वातावरणमा

उल्लेखनिय प्रतिकुल असर नपर्ने विद्युत उत्पादन प्रसारण वा तिरण गर्दा भू-क्षय, बाढी पहिरो वायू, प्रदुषण उत्पादन द्वारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्ने पर्ने छ ।

२०१७ सालको जलचर संरक्षण ऐन,

जलचर संरक्षण ऐन २०१७ को दफा ३ मा कुनै व्यक्तिले पनि कुनै जलमा रहेका कुनै जलचरलाई समात्न तथा मार्ने अभिप्रायले जानीजानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतिय धार (करेन्ट) विस्फोटक पदार्थ वा विषलु पदार्थ प्रयोग गर्नु हुदैन । नियमावली २०१९ मा बनेको छ ।

२०४९ सालको सवारी तथा यातायात व्यवस्था ऐन

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा २३(ग) मा वातावरण प्रदुषण लाई रोक्नको लागि सवारी वाट हुन सक्ने प्रदुषणको मापदण्ड तोक्ने गरी भएको कानुनी व्यवस्थाले वातावरण संरक्षण गरेको छ ।

२०४९ सालको नेपाल पर्यटन वोर्ड ऐन

नेपाल पर्यटन वोर्ड ऐन २०४९ को दफा ५(ख) मा देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवम वातावरण र सम्बर्दन गर्दै पर्यटन व्यवसायको विकास विस्तार र प्रवर्द्धन गर्ने ।

२०४० सालको नेपाल पेट्रोलियम ऐन

नेपाल पेट्रोलियम ऐन २०४० को दफा ५.१(ख) मा धन जनको सुरक्षको उचित ध्यान राख्नुको साथै यथासम्भव वन सङ्गल र प्राकृतिक सम्पदा एवं वातावरणको प्रदुषण तथा क्षति नहुने गरी गर्ने

२०४९ सालको औद्यौगिक व्यवसाय ऐन

औद्योगिक व्यवसाय ऐन २०४९ को दफा १५(ट) मा कुनै उद्योगले प्रदुषण नियन्त्रण वा वातावरणमा न्यूनतम असर पार्ने पद्दति तथा उपकरणमा गरेको लगानीको पचास प्रतिशत खुद

आयकर वाट कट्टा गर्न दिइनेछ भन्ने व्यवस्था भएकोले वातावरण संरक्षण महत्व पूर्ण योगदान पुग्ने छ ।

२०४५ सालको काठमाण्डौ उपत्यका विकास प्राधिकरण ऐन

काठमाण्डौ उपत्यका विकास प्राधिकरण उेन २०४५ को दफा ६.१.४ मा योजना क्षेत्रको प्राकृतिक ऐवं वातावरिणय संरक्षणका लागि बन जङ्गल खोलानाला घाट तथा जल क्षेत्रमा हुने निर्माण एवम अन्य कियाकलापहरुको सम्बन्धमा शर्त तोकी सो बमोजिम कार्य गर्ने, गराउने ।

२०५३ सालको वातावरण संरक्षण ऐन र २०५४ सालको वातावरण संरक्षण निमावली

वातावरण संरक्षण ऐन २०५३ को दफा ३,४,५,६, तथा नियम ३,७ मा प्रारम्भिक वातावरणिय परिक्षण तथा वातावरण प्रभाव मूल्याङ्कन गर्नु पर्ने व्यवस्था भएको दफा ६(३)

यो ऐन मिति २०५३।१०।१७ मा लालमोहर लागेको छ र जम्मा २४ वटा दफा रहेको छ । र नियमावली मिति २०५४।१२।२२ मा लालमोहर लागेको र जम्मा ५४ वटा नियम रहेको छ । उक्त उेन र नियम नै वातावरण संरक्षण सम्बन्धी मूल कानून तथा छाता कानूनको रुपमा लिन सकिन्छ ।

सन्र्भ सामग्री

(१) नेपालका संविधानहरु, न्यू पाथिभरा कानुनी परामर्श सेवा काठमाण्डौ, सम्पादक भावुक परजिवी

(२) कानून सम्बन्धी केही ऐतिहासीक अभिलेखहरु
कूनन प्रकाशन, २०६३ बैशाख ३०

(३) वातावरणीय कानून तथा न्याय सम्पादन :- नारायण बेल्बासे समेत
२०५५ प्रकाशन व्ऋह्क्ष नेपाल

(४) वातावरणीय न्याय तथा कानूनको प्रवर्द्धनमा सर्वोच्च अदालतको भुमिका, निल प्रसाद श्रेष्ठ, सर्वोच्च अदालत स्वर्ण महोत्सव स्मारीका २०६३ पेज १८३

(५) डा. अम्बर प्रसाद पन्त वातावरण कानूनको विकासमा सर्वोच्च अदालतको भूमिका कानून ५० प्र.१३

(६) मुलुकी ऐन १९१० रुख काट्नेको महल